# नदि नियन्त्रण समितीको विधान

आ.व.२०८१/२०८२

नेपालको लुम्विनी प्रदेश अर्न्तगत प्यूठान जिल्ला .............................. नगरपालिका/गाउपालिका वडा नं. .........स्थित....................खोला/नदीले..............................जिल्ला ................साविक नगरपालिका/गाउपालिका वडा नं. .................को बस्ती/ ................हे जमिनलाई कटान गरीरहेको/गर्ने सम्भावना भएकोले उक्त जमिन/बस्तीलाई क्षति हुनबाट जोगाउने उदेश्यले उक्त नदी नियन्त्रण कार्य सम्पन्न/मर्मत/संभार आपसी सहयोगद्धारा गर्ने .....................................का प्रभावित किसान/बासिन्दाहरुको............सभाद्धारा यो विधान तयार गरिएको छ। यसमा समितिलाई सवल र सकृय बनाउनु पर्ने कुरालाई प्राथमिकता प्रदान गरी आवश्यकता अनुसार उपनियमहरु पनि तयार गरिएका छन्।

**परिच्छेद १**

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

क) यो बिधानलाई ..............................................................समिति २०...... को विधान भनिने छ।

ख) यो समितिलाई जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय प्यूठानमा दर्ता भईसके पछि यो बिधान लागु हुनेछ।

२.परिभाषा

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस बिधान अन्तर्गत

क) संस्था भन्नाले ....................................................................भन्ने जनाउछ।

ख) प्रभावित क्षेत्रफल भन्नाले .................... को पुर्व ............................पश्चिम ............................को उत्तर र .......................को दक्षिण यती चार किल्लाभित्र रहेको जम्मा ............हेक्टरलाई जनाउछ।

ग) नदी नियन्त्रण समिति भन्नाले यस बिभागको दफा ९ मा उल्लेखित प्रकृया अनुसार गठन भएको समितिलाई जनाउछ।

घ) साधारण सभा भन्नाले नदि नियन्त्रण समतिको सधारण सदस्यता प्राप्त कृषकहरुको भेलालाई जनाउछ।

ङ) अध्यक्ष भन्नाले नदी नियन्त्रण समितिको प्रमुख ब्यक्तिलाई जनाउछ।

च) उपाध्यक्ष भन्नाले नदी नियन्त्रण समितिको उप प्रमुखलाई जनाउछ।

छ) सचिव भन्नाले नदी नियन्त्रण समितिले सचिवलाई जनाउछ।

ज) सदस्य भन्नाले समितिको साधारण सदस्य प्राप्त सदस्यलाई जनाउदछ।

झ) कार्यकारिणी सदस्य भन्नाले नदी नियन्त्रण समितिको सदस्य वा पदाधिकारीलाई जनाउदछ।

ञ) नदी नियन्त्रण समितिको पदाधिकारी भन्नाले समितीको अध्यक्ष,उपाध्यक्ष,सचिव,उपसचिव,कोषाध्यक्ष वा कुनै सदस्य वा कार्यकारीणी सदस्य जसलाई समितिको तर्फबाट कार्य गर्न कुनै दर्जा वा जिम्मेवारी दिएको व्यक्तिहरु लाई जनाउदछ।

**३. संस्थाको छाँप**

संस्थाको दैनिक कार्यहरुलाई बैधानिकता गर्न संस्थाको आफ्नो कार्यालय छाप रहनेछ। यो छापको आकार....................र .................... सेन्टिमिटरमा नवढाई ............................ आकारको हुनेछ । यो छापमा .......................................... समिति २०........ भन्ने उल्लेख हुनेछ।

**४. संस्थाको कार्यालय**

संस्थाको कार्यालय ................................. जिल्ला .......................... नगरपालिका/गाउपालिका वडा नं. .............. क्षेत्रमा रहने छ।

**परिच्छेद २**

**उदेश्यहरु**

**५. संस्थाको उदेश्यहरु**

संस्थाको मूल उदेश्य............................ नगरपालिका/गाउपालिका वडा नं. ................ नदीबाट कटान भएको हुन सक्ने जमिन/वस्तिको बचाउ गर्नु हुनेछ। अन्य उदेश्यहरु यस प्रकार छन।

क) नदी नियन्त्रण कार्य सम्पन्न भएपछि त्यसको उचित मर्मत संभार गर्नु

ख) वातावरण संरक्षणकोलागी आवश्यक गतिबिधि संचालन गर्नु

ग) नदी कटान नियन्त्रणको लागी आवश्यक हुन आउने अन्य कार्यहरु गर्नु।

परिच्छेद ३

**६, सदस्यताकोलागी आवश्यक योग्यता :**

नदी कटान प्रभावित क्षेत्रभित्र जग्गा हुने जोताहा धनी वा मोही नलागेको जग्गाको जग्गा धनी वा प्रनीहरुको अँसियार प्राप्त जोताहा किसानलाई वा वसोवास गरेको वासीन्दालाई समितिको सदस्यता स्वतः प्रदान गरिनेछ।

**७ सदस्यता शुल्क** :

क) नदी नियन्त्रण समितिले निर्धारण गरे बमोजिम योग्य सदस्यहरु संग सदस्य शुल्क उठाउन सकिने छ।

ख) नदी नियन्णण कार्यको सूधार मर्मत संभार, संचालन र व्यवस्थापनको लागी आवश्यक रकम जटाउन साधारण सभाले तोके बमोजिम सदस्य शुल्क वाहेक अन्य शुल्कहरु पनि हरेक सदस्यले तिर्नु पर्ने छ।

**८. सदस्यबाट निस्कासन वा निलम्वन**

क) जग्गा धनीले जग्गा बेचेमा वा मोहीयानी हक बचेमा वा हस्तान्तरण भएमा सदस्यता खारेज हुनेछ र नयाँ माही वा जोताहा जग्गा धनी वा निजबाट अख्तियार प्राप्त व्यक्ति सदस्यता प्राप्त गर्न योग्य हुनेछ।

ख) नदी नियन्त्रण समितीका नियमहरु उल्लधंन गरेको वा तिर्नु पर्ने शुल्क वा दस्तुरहरु नतिरेको खण्डमा समितिको निर्णय अनुसार सदस्यता निलम्बन गर्न सकिने छ। यदि कुनै निस्कासित सदस्यले सबै शुल्कहरु तिरेर समितिको नियमहरु पालन निजलाई पून सदस्यता प्रदान गर्न सकिने छ।

**परिच्छेद ४**

**९.साधारण सभा तथा कार्यकारिणी गठन प्रक्रिया**

क) साधारण सभामा नद नियन्त्रण समितिका सम्पुर्ण सदस्यहर समावेस हुनेछन।

ख) सधारण सभाबाट साधारणसभाको बहुमतबाट चुनियका व्यक्तिहरु न.नि.तथा व्यवस्थापन समितिका कार्यकारिणी संग हुनेछन्। सो अंगमा अध्यक्ष १,उपाध्यक्ष १, सचिव १, सह सचिव १, कोषाध्यक्ष १ , सह कोषाध्यक्ष १ तथा सदस्यहरु आवश्यकता अनुसार कम्तिमा ५ जना रहनेछन्।

ग) साधारण सभा एक बर्षमा कम्तिमा दुई पटक बोलाईने छ। आवश्यक परेमा यस भन्दा बढी समेत बोलाउन सकिने छ।

घ) साधारण सभाको तिथी ,समय,स्थान र छलफल गरिने विषय बस्तुहरु नद नियन्त्रण समिति द्धारा तय गरिने छ।

**१०. नदि नियन्त्रण समितिको बैठक**

कं) समितीको बैठक घटिमा २ पटक हुनेछ ।

ख) समितिको अध्यक्षले आवश्यक ठानेमा आकास्मिक बैठकहरु पनि बोलाउन सक्नेछ । कार्यकारणी सदस्यहरु मध्ये २५ प्रतिशत वा सो भन्दा बढीले समितिको अध्यक्षलाई लिखित अनुरोध गरेमा पनि समितिमा बैठक बोलाईने छ ।

ग) सचिवले अध्यक्षको सिफारिस अनुसार समय,मिति र ठाँउमा समितिको बैंठक बोलाउने छ ।

घ) समितिको बैठकको सभापतित्व समितिको अध्यक्षले गर्नेछन । उहाको अनुस्थितीमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुस्थितीमा उपस्थित सदस्यले चयन गरेको सदस्यले सभापतित्व गर्नेछन् ।

ङ) बैठकको न्यूनतम गणपुरक संख्याको लागी ५० प्रतिशत भन्दा बढी कार्यकारिणी सदस्यको उपस्थिती हुन आवश्यक छ ।

च) सबै कार्यकारीणी सदस्यहरुलाई कम्तिमा ३ दिन अगाडी नै बैठक वारे जानकारी दिनु पर्ने छ ।

छ) न्यूनतम गणपुरक नपुगेमा बैठक स्थगित गरी दोश्रो पटक बैठकको सूचना जारी गर्न सकिने छ ।

ज) दोश्रो चोटी बोलाईएको समितिको बैठकमा २५ प्रतिशत मात्र सदस्यहरु उपस्थित भएमा पनी बैठक बस्न सकिने छ ।

झ) बैठकमा साधारण बहुमतले गरेको निर्णय मान्य हुने छ ।

ञ) बैठक सम्बन्धी अन्य कार्यबिधी बारे आवश्यक निर्णय समिति स्वयंले गर्ने छ ।

**११. नदी नियन्त्रण व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकारहरु**

क) नदी नियन्त्रण समति व्यवस्थापन समितको काम,कर्तव्य र अधिकारहरु निम्न अनुसार हुने छन् ।

ख) साधारण सभाबाट पारित योजना र कार्यक्रमहरुलाई कार्यन्वयन गर्ने गराउने ।

ग) उपरोक्त योजना तथा कार्यक्रमहरु कार्यन्वयनको लागी संस्थाको आर्थिक श्रोतबाट आवश्यक बजेटको व्यवस्था मिलाउने

घ) संस्थाको नाउमा हुने अन्य संपुण कार्यहरु संपादन गर्ने ।

ङ) संस्थाको कार्य संपादन गर्न कार्यकारिणी सदस्य वा संस्थाको सदस्यलाई अधिकार प्रत्यायोजन गर्ने ।

च) साधारण सभा नबसुन्जेलको लागी रिक्त पदहरुको पदपुर्ति गर्न संस्थाका सदस्यहरुलाई मनोनयन गर्ने ।

**<u>परिच्छेद ५</u>**

**नदी नियन्त्रण व्यवस्थापन समितिका कार्यकारीणी सदस्यहरु**

**१२.समितिका कार्यकारीणी सदस्यहरुको काम,कर्तव्य र अधिकारहरु**

**क) अध्यक्षको काम, कर्तव्य र अधिकार**

- साधारण सभा र समितीको बैटकको अध्यक्षता गर्ने ।
- समितिको बैठकको मिति,समय,ठाँउ र विषय किटान गर्ने ।
- समितिको प्रतिनिधीत्व गर्ने वा प्रतिनिधितत्व गर्न पदाधिकारी वा कार्यकारिणी सदस्यको चयन गर्ने ।
- समितिको आकस्मिक बैठक आवश्यक परेमा समयमा बोलाउने ।
- कार्यन्वयन समितिका सदस्यहरुलाई क्रियाशिल बनाउने र तिनीहरुको गतीबिधीमा समन्वय ल्याउने ।
- सेवा निकायका कार्यक्रमहरुमा तालमेत गराउने

**ख) उपाध्यक्षको काम,कर्तव्य र अधिकार**

- अध्यक्षको दैनिक काम सम्पादनमा सघाउन ।
- अध्यक्षको अनुपस्थितीमा अध्यक्षको सम्पुण अधिकार प्रयोग गरी सम्पादन गर्ने गराउने

**ग) सचिव**

- नदी नियन्त्रण व्यवस्थापन समितिको निर्णयनुसार साधारण सभा बोलाउने ।
- अध्यक्षको आदेश अनुसार समितिको बैठक बोलाउने ।
- समितिको बैठकमा भएका निर्णयहरु र माईन्युटनको रेकर्ड अध्यावधिक राख्ने ।
- साधारण सभा समक्ष समितीको वार्षिक प्रगती प्रतिवेदन प्रस्तुत गर्ने
- समितीको बिधान,निधी र निर्णयहरु अनुरुप समितिको तर्फबाट पत्राचार गर्ने ।

**घ) सह सचिव**

- समितीको हितकोलागी सचिवको काम,कर्तव्य र सम्पादनमा सघाउने ।
- सचिवको अनुपस्थितीमा सचिवको काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने ।

**ङ) कोषाध्यक्ष**

- समितिको नगद र जिन्सी सम्पदीको जिम्मेवारी लिने र त्यसको अध्याविक रेकर्ड राख्ने ।
- समितिको आय व्ययको हर हिसाव राख्ने ।
- सदस्यता शुल्क जरीमाना,चन्दा र अन्य शुल्कहरु उठाउने ।
- समितिको आर्थिक कारोवारमा निगरानी र नियन्त्रण गर्ने ।

**च) सह कोषाध्यक्ष**

- कोषाध्यक्षको काम,कर्तव्य र सम्पादनमा सघाउने ।
- कोषाध्यक्षको अनुस्थितीमा कोषाध्यक्ष भै काम गर्ने ।

**छ) कार्यकारिणी सदस्य**

मर्मत संभार तथा सूपरिवेक्षणमा लागेको जनश्रमदानको लगत राख्ने

**परिच्छेद ६**
**बित्तिय र श्रोत व्यवस्थापन**

**१३. आम्दानीका श्रोतहरु**

क) सदस्य शुल्क
ख) सदस्यहरुबाट असुल गरिएका जरिमाना र अन्य शुल्कहरु ।
ग) संस्थाले बिभिन्न व्यक्ति वा निकायबाट प्राप्त गरेका दान,चन्दा, उपहार, आर्थिक सहयोग अनुदान आदी ।
घ) संस्थाले बिभिन्न बित्तिय श्रोतबाट प्राप्त गर्ने ऋण रकम ।

**१४. चालु र स्थिर सम्पतीको हरहिसाव राख्ने**

संस्थाको बिधान बमोजिम चालु र स्थिर पुजिको हर हिसाव नदी नियन्त्रण व्यवस्थापन समितिको निर्देशन अनुसार राखिनेछ । अंचल संपत्तिको लथ्यांक पनि समितिको सिफारिस अनुसार राखिने छ ।

**१५. कोष**

नदी नियन्त्रण संस्थाको कार्यहरु संपादन गर्न एउटा कोष खडा गरिने छ । संस्थाको नाममा प्राप्त हुने सबै आम्दानी यसै कोषमा जम्मा गरिने छ । संस्थाको कार्यहरुमा लाग्ने संम्पुर्ण खर्च पनि यसै कोषको प्रयोग गरी खर्च गरिने छ । यस कोषको संचालन समितिको निर्देशन बमोजिम हुनेछ ।

**१६.** लेखा परिक्षण

क) साधारण सभाले नियक्ती गरेको मान्यता प्राप्त लेखापरिक्षक बाट संस्थाको आर्थिक कारोवारको वार्षिक लेखा परीक्षण गराईने छ ।
ख) साधारण सभालाई लेखा प्रतिवेदनको पुनरावलोकन र अनुमोदनको अधिकार रहने छ । यदि प्रतिवेदनमा अनियमितता भेटिएकामा साधारण सभाले नदी नियन्त्रण व्यवस्थापन समितिलाई सच्याउन आदेश जारी गर्ने छ । संस्धाको हरहिसाव र परिक्षण प्रतिवेदन स्थानिय प्रशासन अधिकारीलाई बर्षेनी बयान गर्ने ।

**विविध**

**१७. चूनाव**

साधारण सभाका सदस्यहरुले नदी नियन्त्रण व्यवस्थापन समितिका पदाधिकारीहरु र कार्यकारिणी सदस्यहरुको चयन गर्ने छ ।

**१८. समितिको सदस्यताको लागी अयोग्यता**

कुनै सदस्य मानसिक रुपमा वा शारिरीक रुपमा अपाङ्ग भएको कारणले कार्य गर्न असमर्थ छ भने दनी नियन्त्रण व्यवस्थापन समितिको सदस्यता ग्रहण गर्न अयोग्य ठहर गरिने छ ।

**१९. अविश्वाशको मत**

क) यदी समितिको कुनै पदाधिकारी वा कार्यकारीणी सदस्य बिरुद्ध साधारणसभाका ५० प्रतिशतभन्दा बढी सदस्यहरुले उक्त पदाधिकारी वा सदस्यले आफुलाई दिईएको जिम्मेवारी ईमान्दारी साथ निभाउन असमक्ष भएको दावी गर्दै निवेदन दिएमा उक्त निवेदन अनुसार साधारण सभाको उपस्थित सदस्य मध्ये दुई तिहाई बहुमतले समेत समर्थन गरिएमा उक्त कार्यकारिणी सदस्यलाई आफ्नो ओहदामा बस्ने अधिकार रहने छैन ।

ख) साधारण सभामा माथी उल्लेखित निर्णय गर्नु अगाडी त्यस व्यक्ति ( जसको बिरुद्ध निवेदन परेको छ) लाई आफ्नो विरुद्ध लागेको आरोपको सफाई गर्ने मौका दिईने छ ।

ग) यदि अबिश्वासको मत साधारण सभाबाट पारित भएन भने सोही बिरुद्ध १ बर्ष ननाघदै अर्को अबिश्वाशको मत पुन दर्ता गराउन पाईने छैन ।

**२०.राजीनामा**

कुनै पदाधिकारी या कार्यकारिणी सदस्यले स्वेच्छाले आफ्नो पदबाट समितिको अध्यक्ष समक्ष राजिनामा पेश गरेमा सो राजिनामा स्वीकृत गर्ने वा नगर्ने अधिकार साधारण सभालाई रहने छ ।

**२१.नदी नियन्त्रण व्यवस्थापन समितिको सदस्यबाट निस्कासन**

समितिको कुनै पदाधिकारी वा कार्यकारीणी सदस्यले बिना पूर्व सुचना साधारण सभाको दूईवटा बैठकमा वा समितिको चारवटा बैठकमा लगातार अनुपस्थित रहेमा निजको सदस्यता स्वतः खारेज हुने छ ।

**२२. संशोधनको अधिकार**

यो बिधान नियमानुसार संशोधन गर्न सकिने छ । संशोधित बिधानलाई साधारण सभाको दुई तिहाई बहुमतले पारित गराउनु पर्ने छ ।

**२३. दण्ड सजायहरु लागु गर्ने अधिकार**

समितिले संरचनाहरको हानी नोक्सानी आदी रोक्न बिभिन्न दण्ड सजाय,जरीमाना वा सदस्य बाट निलम्बन आदी व्यवस्था लागु गर्न सक्ने छ ।

**२४ . सम्झौता गर्ने अधिकार**

जमिन/बस्ती बचाउको लागी आवश्यक संरचनाहरुको निर्माणसूधार गर्न कुनै पार्टी संग ठेक्का वा सम्झौता गर्न सक्ने छ ।

**२५.** माथी जुनसुकै कुरा लेखिएको भएतापनी समितीले **जलश्रोत तथा सिंचाई**. बिभागको कार्यबिधी तथा कार्यालयले दिएको नर्मस,स्पेसिफीकेसन अनुसार समिती र कार्यालय बिचमा भएको संझौता अनुसार काम नगरेमा साथै कार्यालयले अनउपयुक्त ठानेमा समिति बिघटन गरी सो को जानकारी कार्यालयले दिनेछ ।

हामी ..........................................................................................तटबन्ध तथा नदी नियन्यत्रण उपभोक्ता समितिका निम्न संस्थापक सदस्यहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहबरमा बिधानमा सहिछाप गर्दछौ ।

क कार्य समितिका पदाधिकारीहरु

| सदस्यको पद : | नाम थर : | ठेगानाः | हस्ताक्षरः |
|---|---|---|---|
| १.अध्यक्ष : | | | |
| २.उपाध्यक्ष : | | | |
| ३.कोषध्यक्ष : | | | |
| ४.सचिव : | | | |
| ५.सह सचिव : | | | |
| ६.सदस्य : | | | |
| ७.सदस्य : | | | |
| ८.सदस्य : | | | |
| ९.सदस्य : | | | |
| १०.सदस्य : | | | |
| ११.सदस्य : | | | |

| ख साक्षीको नाम थर : | ठेगानाः | हस्ताक्षरः |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |